# कर्णालीमा चार वर्षयता आगलागीबाट ५५ जनाको मृत्यु



कालीकोटको खाँडाचक्र-५ ढाडगाउँस्थित नवदुर्गा सामुदायिक वनमा लागेको आगो ।

**मानबहादुर विश्वकर्मा/हिटा**

कालीकोट, १७ वैशाख

कर्णाली प्रदेशमा विगत चार वर्षमा आगलागीबाट ५५ जनाको मृत्यु भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आगलागीकै कारण ६७ करोड ९७ लाख ३२ हजार बराबरको क्षति भएको छ। उक्त तथ्यांकअनुसार मुगुमा ३१ करोड २८ लाख ४४ हजार बराबरको क्षति भएको छ । त्यस्तै, जुम्लामा ११ करोड ६६ लाख ४७ हजार बराबरको क्षति भएको छ । कर्णालीमा आर्थिक वर्ष ०७७/०७८, ०७८/०७९, ०७९/०८० र चालु आवको चैत मसान्तसम्म आगलागीमा परी ६७ जना घाइते भएका छन् ।

आगलागीमा परी सबैभन्दा बढी मानवीय क्षति कालीकोटमा भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक वीरबहादुर ओलीले जानकारी दिनुभएको छ । ओलीका अनुसार कालीकोटमा १३ जना, डोल्पामा आठजना, सल्यानमा सात, सुर्खेत र जुम्लामा छ-छजना, दैलेखमा पाँच, मुगुमा

हुम्लामा दुई घरपरिवार विस्थापित भएका हुन् ।

आगलागी तथा विभिन्न विपद्मा तत्काल उद्धारका लागि कर्णालीका १० वटै जिल्लामा प्रहरी निरीक्षकको नेतृत्वमा ३५ जनाको टोली २४सै घण्टा तयारी अवस्थामा राखिएको प्रवक्ता ओलीले जानकारी दिनुभयो ।

आगलागी तथा वन डढेलो नियन्त्रणका लागि प्रहरी एक्लैले सम्भव नभएकाले स्थानीय सरकार तथा समुदायले सहयोग गर्नुपर्ने उहाँले बताउनुभयो । कर्णालीमा वनजंगल नजिकै बस्ती र खरको छानो भएकाले आगलागीका घटना धेरै हुने गरेका छन् । चैत महिनामा मात्रै आगलागीमा परी कर्णालीमा सातजनाको मृत्यु भएको छ ।

गत चैत २ मा बाखा चराउन जानुभएका कालीकोटको खाँडाचक्र-५ ढाडगाउँस्थित नवदुर्गा सामुदायिक वनमा लागेको डढेलोमा परी ५० वर्षका नन्दराम चौलागाईं र उहाँकी १२ वर्षीया छोरी हेमन्तीको मृत्यु भएको थियो । नन्दरामका ४५ वटा बाखा जलेर मरेका थिए ।

यस्तै, चैत ३० गते हुम्लाको सर्केगाड गाउँपालिका-८ रादेउ कुरिल्ला लेखको आफ्नै

नगरपालिका-३ स्थित मष्टा भवानी सामुदायिक वनमा लागेको डढेलो निभाउने क्रममा गम्भीर घाइते भएका नेपाली सेनाको देवीदत्त गुल्मका तीनजना सिपाहीको मृत्यु भएको थियो । मृत्यु हुनेमा काभ्रे घर भएका ३८ वर्षका सेनाका जमदार केशवबहादुर जर्गा मगर र हुम्ला घर भएका २३ वर्षका सिपाही आशिष बुढा र जुम्लाको तातोपानी गाउँपालिका-४ का २४ वर्षीय हेमन्त रावत हुनुहुन्थ्यो ।

कर्णालीमा अझै कतिपय घरमा टुकी, दियालो बाल्ने गरेको र चुरोट तमाखु खाँदा फालिएको आगोलगायतले आगलागी हुने गरेको प्रहरीको भनाइ छ । शहरी क्षेत्रमा भने विद्युत् सर्ट भई आगलागी हुने गरेको छ । गाउँका सामुदायिक वनमा घाँस राम्रो पलाउने भन्दै आगो लगाउने प्रवृत्ति रोकिएको छैन । गोठालो जाने स्थानीयवासी र बालबालिकाले आगो लगाउने गरेका छन् । आगो लगाउँदा कसैले कारबाही नभोगेका कारण बर्सेनि आगलागीका घटना बढेका हुन् । यसरी आगो लगाउँदा वनक्षेत्रसँगै जंगली जनावर, चराचुरुंगी मासिने गरेको छ ।

## सबैभन्दा बढी मानवीय क्षति कालीकोटमा

कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आगलागीमा परी सबैभन्दा बढी मानवीय क्षति हुने जिल्लामा कालीकोट रहेको छ । कालीकोटमा चार वर्षयता १३ जनाको आगलागीबाट जलेर ज्यान गइसकेको छ । ०७७/०७८, ०७८/०७९, ०७९/०८० र चालु आवको चैत मसान्तसम्म करिब ४५ ठाउँमा आगलागी भएको छ । आगलागीबाट ३१ वटा घर जलेर पूर्णरूपमा क्षति भएका छन् । हालसम्म आगलागीबाट ७७ वटा पशुचौपाया मरे भने दर्जनौंको संख्यामा घाइते छन् । आगोले जंगलमा रहेका बोटबिरुवा जल्नुका साथै मृग, पशुपक्षी मरेका छन् । नागरिक समाजका अगुवा तथा अधिवक्ता दमराज बमले बर्सेनि आगलागीबाट धनजनको क्षति हुँदासम्म राज्यले

# घुस रकमसहित पक्राउ परेका वडाध्यक्षविरुद्ध मुद्दा दायर

**हिमालय टाइम्स**

काठमाडौं, १७ वैशाख

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कपिलवस्तुको महाराजगञ्ज नगरपालिका-२ का वडाध्यक्ष उजेर अलीविरुद्ध विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । उनलाई अख्तियारले गत चैत १८ गते १५ हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरेको थियो । सेवाग्राहीको घरबाटो सिफारिस दिने नाममा घुस मागेको भन्ने सूचनाका आधारमा खटिएको टोलीले वडाध्यक्ष अलीलाई रकमसहित पक्राउ गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ परेका अलीलाई भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार कैद सजाय तथा बिगो जरिवाना माग गरिएको छ ।



प्रदेश सरकार
खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०१/१८

यस मन्त्रालयबाट मिति २०८०/१२/०४ गते राष्ट्रिय दैनिक गोरखापत्र पत्रिकामा प्रकाशित सूचना अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये स्वीकृत Eligible Criteria भित्र परेका मध्ये न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारीस भई आएको हुंदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७(२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

तपसील

| सि. नं. | ठेक्का नं. | योजनाको नाम, ठेगाना | छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना | कबोल रकम रु. (भ्याट सहीत) |
|---|---|---|---|---|
| १ | MoWSIE-KP/DoIE/Goods/080-81/NCB-01 | Supply and Installation of Solar PV System, Sunsari | Topsun Energy Pvt. Ltd, Sanobharyang, Kathmandu | 33,08,474/- |

महाशाखा प्रमुख